# प्रेस विज्ञप्ति

१. नयाँ निर्वाचन पश्चात गठित सरकारको प्रतिनिधित्व गर्दै माननीय अर्थमन्त्री डा. युवराज खतिवडाको नेतृत्वमा अमेरिकाका लागि नेपालका राजदूत महामहिम डा. अर्जुन कुमार कार्की र अर्थ मन्त्रालय अन्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाका प्रमुख सह सचिव श्रीकृष्ण नेपाल सहितको तीन सदस्यीय प्रतिनिधिमण्डलले आज देखि तीन दिन सम्म चल्ने नेपाल र विश्व बैंकको नेपाल सहायता सम्बन्धी उच्चस्तरीय बैठकमा भाग लिनु भयो ।

२. माननीय अर्थमन्त्रीले नेपालको विकास साझेदारी खाका सम्बन्धी विश्व बैङ्कका कार्यकारी निर्देशकहरूको संुयक्त बैठकलाई आजै सम्बोधन गर्दै नेपालमा विकासका चुनौती र अवसरहरूको चर्चा गर्दै आगामी ५ वर्षको लागि गरिने लगानीको ढाँचा प्रस्ताव पारित गर्न अनुरोध गर्नु भयो । साथै वहाँले नेपाललाई आगामी सन् २०२२ मा अतिकम विकसित राष्ट्रबाट स्तरोन्नति गर्न विभिन्न क्षेत्रमा थप सहयोगको आवश्यकता रहेको, नेपालले निरन्तर सुधारलाई अगाडि बढाएको र दिगो विकास लक्ष्य प्राप्त गर्न प्रतिबद्ध रहेको बताउनु भयो । वहाँले सन् २०३० सम्म मध्यम स्तर आय भएको मुलुकमा स्तरोन्नति हुने दीर्घकालीन सोच सहित प्राथमिकता तोकेर अगाडि बढेको बताउनु भयो । कार्यकारी निर्देशकहरूले राखेका विविध जिज्ञासाहरू खासगरी स्थानीय तहको क्षमता, नेपालको विकासको मार्गचित्र, प्राथमिकता, सुधारको निरन्तरता, राजश्वको दिगोपना, समग्र व्यावसायिक वातावरण सम्बन्धमा वहाँले स्पष्ट पार्नु भयो ।

३. आजै विश्व बैकको मुख्यालय वासिङ्टन डि. सि. मा माननीय अर्थमन्त्री डा. युवराज खतिवडा र विश्व बैङ्कका दक्षिण एशियाका क्षेत्रीय उपाध्यक्ष श्री हार्टविग सेफर बीच भेटवार्ता सम्पन्न भयो । भेटवार्तामा क्षेत्रीय उपाध्यक्ष सेफरले नेपालले अङ्गीकार गरेका सङ्घीयता कार्यान्वयनको सन्दर्भ उठाउनु भयो । माननीय मन्त्रीज्यूले नेपालमा तीनै तहको निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भै करिब ३६,००० जनप्रतिनिधि निर्वाचित भएको र ती जनप्रतिनिधिहरू मार्फत जनताका अपेक्षाहरू पूरा गर्न सरकार कटिवद्ध रहेका बताउनु भयो । माननीय मन्त्रीज्यूले नेपालको आर्थिक र सामाजिक क्षेत्र खासगरी पूर्वाधारमा ठूलो लगानीको आवश्यकता रहेको औंल्याउनु भयो । यसमा सरकार निजी क्षेत्रसँग मिलेर कार्य गर्न तत्पर रहेको बताउँदै सङ्घीयताको व्यवस्थापन र विकास वित्तको लागि आन्तरिक साधन र स्रोतमात्रै अपर्याप्त हुने भएकोले विश्व बैङ्कसँग नेपालले सार्थक सहयोगको अपेक्षा राखेको बताउनु भयो । विश्व बैङ्कका क्षेत्रीय उपाध्यक्षले नेपालले छोटो समयमा राजनीतिक रूपमा हासिल गरेको परिवर्तन उत्साहजनक रहेको बताउँदै विश्व बैक समूह एकीकृत रुपमा नेपालको प्राथमिकताको क्षेत्रमा वित्तीय तथा प्राविधिक सहयोग गर्न र निजी क्षेत्रमा लगानी बढाउन तयार रहेको जानकारी गराउनु भयो ।

वहाँले विश्व बैकको अन्तराष्ट्रिय विकास सहयोग र अन्तराष्ट्रिय वित्त नियोगका अतिरिक्त क्षेत्रीय कोषहरू लगायतबाट नेपालको उर्जा, यातायात लगायतका पूर्वाधार विकासमा सहयोग गर्ने प्रतिवद्धता जनाउनु भयो । माननीय मन्त्रीज्यूले भन्नुभयो राजनैतिक परिवर्तन पछि जनताका अपेक्षाहरू धेरै छन् । तीव्र आर्थिक वृद्धि, रोजगारी, सामाजिक न्याय सहितको विकास र समृद्धि हाम्रा लक्ष्य छन् । हामीले सबै किसिमका वित्तीय श्रोतहरूबाट उच्च सहयोगको अपेक्षा गरेका छौं ।

४. विश्व बैङ्कका नेपाल समेत हेर्ने कार्यकारी निर्देशक डा. आन्दिन हादियान्तोले अगस्त ७ को बैङ्क बोर्ड बैठकमा छलफल हुने प्रस्तावित नेपालको विकासमा साझेदारी खाका बारे जानकारी गराउँदै विश्व बैकको बोर्डबाट हालसम्म भएका नीतिगत निर्णयहरू बारे जानकारी गराउनु भयो । माननीय अर्थमन्त्रीज्यूले नेपालको विकासमा थप सहयोगको आवश्यकता बारे जानकारी गराउँदै बैङ्कको बोर्डमा हुने छलफलमा नेपालको पक्षमा सहयोगी भूमिका निर्वाह गर्न निर्देशन दिनुभयो ।

त्यसैगरी माननीय अर्थमन्त्रीसँग विश्व बैङ्कका उर्जा र वित्तीय कोषका निर्देशक लगायतका पदाधिकारीहरूले आजै भेट गरी नेपालको उर्जा क्षेत्रमा गरिने लगानी, निजी क्षेत्रसँगको सहकार्यमा विविध आयामहरूका गर्न सकिने लगानीका बारेमा प्रकाश पारेका थिए । सो अवसरमा माननीय अर्थमन्त्रीज्यूले नेपालको तत्काल चालू आयोजनाहरूका अतिरिक्त ठूला आयोजनाहरूको निर्माणमा विश्व बैङ्कले परियोजना विकासमा समेत सहयोग गर्न अनुरोध गर्नुभयो । साथै माननीय अर्थमन्त्रीज्यूले उर्जा क्षेत्रमा कानूनी, संरचनागत लगायतका सुधारमा निरन्तरता रहने र लगानीमैत्री वातावरण सृजना गर्नमा सरकार प्रतिबद्ध रहेको बताउनु भयो । विश्व बैङ्कको सो टोलीले नेपालको उर्जा क्षेत्रको विकासमा बैङ्क समूहबाट गर्न सकिने सम्भावित सबै सहयोग उपलब्ध गराउन तत्पर रहेको केही आयोजनामा लगानी निर्णय गर्न लागेको र सहयोगको लागि उपयुक्त अवसरको प्रतीक्षा गरेको बताउँदै क्षेत्रीय उर्जा विकासको सम्भावना बारे चर्चा गरेका थिए ।

५. विश्व बैङ्कका कार्यवाहक प्रमुख अर्थशास्त्री श्री सान्ता देवराजनले समेत आजै माननीय अर्थमन्त्रीसँग भेटघाट तथा छलफल गर्नुभयो । सो छलफलमा माननीय अर्थमन्त्रीज्यूले नेपालले केही दशक अगाडि गरेका आर्थिक तथा वित्तीय सुधारका प्रयासहरूबाट थप पाठ सिक्दै परिवर्तित सन्दर्भमा विभिन्न क्षेत्रमा नयाँ सुधारहरू थालिएको बताउनु भयो । श्री देवराजनले नेपालले वित्तीय तथा मौद्रिक क्षेत्रमा गरेका सुधारको प्रशंसा गर्दै विश्व बैङ्कले आफ्ना असल अभ्यासहरू नेपाल सँग आदान प्रदान गर्दै जाने कुरा व्यक्त गर्नुभयो ।

६. आजै साँझ माननीय अर्थमन्त्री ज्यूको सम्मानमा महामहिम राजदूत डा. कार्कीले आयोजना गर्नुभएको विषेश कार्यक्रममा विश्व बैंकका उपाध्यक्ष श्री हार्टविग सेफर, कन्ट्री डाइरेक्टर श्री कुमियो फ्यान,

कन्ट्री म्यानेजर श्री फेरिस एच हदाद जेरभोस, यु एस एड का अधिकारीहरू, मिलेनियम च्यालेन्ज कर्पोरेसनका पदाधिकारीहरू लगायत सहभागी हुनुहुन्थ्यो ।

नेपाली राजदूतावास

वासिङ्टन डि. सि., अमेरिका ।

मिति २०७५ श्रावण २२

अगस्ट ६ , २०१८